कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल ।

दोश्रो पटक प्रकाशित मिति : २०७६।०२।२८
राष्ट्रिय दैनिक मेचीकालीमा प्रकाशित मिति : २०७६।०२।२८

## सि.जि. आई सिट खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

कपिलवस्तु नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यहरु सिलबन्दी बोलपत्रका माध्यमद्वारा खरिद गर्नु पर्ने भएको हुंदा सप्लाई गर्न इच्छुक, उत्पादनकर्ता, अधिकृत बिक्रेता तथा सप्लायर्सहरुबाट शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । शिलवन्दी बोलपत्र फारम दस्तुर वापत तल उल्लेख गरिए अनुसारको रकम (पछि फिर्ता नहुने गरि) तिरी शिलबन्दी बोलपत्र साथ सलग्न स्पेशिफिकेशनको अधिनमा रहि फर्म दर्ता तथा नविकरण प्रमाणपत्र, मु.अ.कर प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित सूचना प्रकाशन भएको मिति १५ दिन भित्र खरिद गरि १६ औ दिन दिनको १२.०० बजे भित्र शिलवन्दी बोलपत्र पत्र पेश गर्नु पर्ने छ ।

| ठेक्का नं. | विवरण | जमानत धरौटी रकम रु | शिलवन्दी बोलपत्र दस्तुर |
|---|---|---|---|
| ३७/०७५/७६ | सि.जि.आई सिट खरदि (स्पेसिफिकेशन अनुसार) | १३३०००।- | ३०००।- |

नोट : यस सुचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु प्रचलित नेपाल कानून अनुसार हुनेछ । यस सम्बन्धी बिस्तृत सूचना कार्यालयको सूचना पाटी तथा कपिलवस्तु नगरपालिकाको वेभसाइट WWW.Kapilvastumun.gov.np मा प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकिय अधिकृत

कपिलवस्तू नगरपालिका नगर कार्यपालिकाको कार्यालय तौलिहवा, कपिलवस्तूको ।

## सि.जि.आई सिट खरिद सम्बन्धि सिलबन्दी बोलपत्र आह्वानको सूचना

(दोश्रो पटक सुचना प्रकाशित मिति २०७६।०२।२८ गते)

राष्ट्रिय दैनिक मेचीकालीमा प्रकाशित मिति २०७६।०२।२८

कपिलवस्तु नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यहरु सिलबन्दी बोलपत्रका माध्यमद्वारा खरिद गर्नू पर्ने भएकोले सप्लाई गर्न इच्छुक उत्पादनकर्ता, अधिकृत बिक्रेता तथा सप्लायर्सहरुले यस कार्यालयबाट प्रकाशित सुचनाको शर्तहरुको अधिनमा रहि अलग सिलबन्दी दरभाउ पत्र पेश गर्नु हून यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम खरीद गर्न इच्छूक उत्पादनकर्ता, अधिकृत बिक्रेता तथा सप्लायर्सहरुले सम्वन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व. २०७४।०७५ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मू.अ. कर दर्ता प्रमाण पत्र (भ्याट), साथै आ.व. २०७४।०७५ को कर विवरण पेश गरेको कागजात, सम्वन्धितको नागरिकताको प्रमाण पत्र र फर्म सम्वन्धि अन्य कूनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि (जो बोलपत्र खरिद प्रयोजनको लागि मात्र मान्य हूनेछ) को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहूने ) यस कार्यालयको राजस्व शाखामा बूझाई यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन कार्यालय समय भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखावाट बोलपत्र फाराम खरीद गर्न सकिने छ ।

२. खरीद गरिएको बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिउंसो १२:०० बजे भित्र कपिलवस्तू नगरपालिका नगर कार्यपालिकाको कार्यालयको नाममा सम्वोधन गरी ठेक्का नं., बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खूलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरि यस कार्यालयमा दर्ता गराउन सकिने छ ।

३. बोलपत्र सम्वन्धि कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए वमोजिमका कुराहरु खुलेको प्रमाण बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ

४. बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मूल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्र दाताहरुका बोलपत्र स्वीकृत गरिने छैन ।

५. दर्ता भएको बोलपत्र सोही दिनको २:०० वजे बोलपत्र दर्ता गर्ने फर्महरुको सम्वन्धित व्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र दर्ता तथा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खूलेको दिनको सोही अनूसारको समयमा दर्ता गर्ने र खोल्ने काम हुने छ । फर्मको प्रतिनिधिको रुपमा कूनै व्यक्ति पठाउनु पर्ने भएमा रीतपूर्वकको मन्जूरीनामा सहित पठाउनू पर्ने छ ।

६. बोलपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दर मान्य हुनेछ । केरमेट भएमा सो ठाउंमा सही छाप हुनु पर्नेछ ।

तौलिहवा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

७. शिलवन्दी बोलपत्र साथ जमानत वापत आफुले बोलपत्रमा कबूल गरेको रकमको कम्तीमा २.५ देखि ३.० प्रतिशतले हून आउने रकम नघटाई राष्ट्रिय वाणिज्य बैक शाखा तौलिहवामा रहेको धरौटी हि.नं. ३११०३०३००७१०२ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैक वाट मान्यता प्राप्त बैकवाट यस कार्यालयको नाममा जारी भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको जमानीपत्र (Bidbond) समावेश भएको हूनू पर्ने छ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

८. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पूस्तिकामा सम्लग्न गरिएको स्पेशिफिकेसन तथा अन्य व्यहोरा प्रस्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नु पर्ने छ । बोलपत्र जून फर्मको नाम वाट खरीद भएको हो सोही फर्मको नामवाट दर्ता गराउनूपर्ने र यस कार्यालयवाट बिकी भएको बोलपत्र फाराममा भरी प्रत्येक पृष्ठमा सही छाप गरी पेश गर्नु पर्नेछ । शिलवन्दी बोलपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु शिलवन्दी बोलपत्रसाथ (शिलवन्दी खामभित्रै) संलग्न हुनु पर्ने छ ।

९. दर्ता भएको बोलपत्र को मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम मितिवाट ९० दिनको हुनेछ ।

१०. कूनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने ,नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ

११. बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हूनेछ । अन्य जानकारीका लागी यस कार्यालयको फोन नं. ०७६५६०२०१ मा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | विवरण | जमानत धरौटी रकम रु | शिलवन्दी बोलपत्र दस्तुर |
|---|---|---|---|
| ३७/२०७५/७६ | सि.जि. आई सिट खरिद (स्पेसिफिकेशन अनुसार) | १३३०००।- | ३०००।- |

खरिद इकाइ

कपिलवस्तू नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रदेश नं ५ तौलिहवा